आ.ब.२०८०/८१ को चौधौं कार्यपालिका बैठक जेठ १६, २०८१, ने.स. ११४४, वछलागा, चतुर्थी, बुधबार

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा</td><td>अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>आ.ब.२०८१/८२ को लागि वडा तथा विषयगत शाखाहरुलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने सम्वन्धमा</td><td>
१. आ.ब.२०८१/८२-२०८२/८३ को अनुमानित बजेट सिलिङ्गको संशोधन र आ.ब.२०८३/८४ को अनुमानित बजेट सीमा निर्धारणको लागि वडागत वजेट सिलिङ्गको आधार तपशिल वमोजिम तय गरी सोहि आधारमा तिन वर्षको वडागत वजेट सिलिङ्ग उपलव्ध गराउने ।साथै विषयगत शाखाहरुलाई चालु आ.ब. अनुसारनै उपलव्ध गराउने ।
<table>
<tr><td>जनसंख्या ( २०%)</td><td>भूगोल (१०%)</td><td>चालु आ.ब.को हाल सम्मको प्रगति (१०%)</td><td>विकासको हालको अवस्था (२०%)</td><td>राजस्व परिचालनको अवस्था (१०%)</td><td>खर्चको आवश्यकता (२०%)</td><td>लागत सहभागिताको अवस्था (१०%)</td></tr>
</table>
२. उल्लेखित आधारवाट सिलिङ्ग तय गर्दा न्यूनतम २ करोड ५० लाख भन्दा कम हुने वडाहरुलाई न्यूनतम रकम २ करोड ५० लाख कायम गर्ने ।<br>
३. आ.ब.२०८१/८२ को आधार वर्षको सिलिङ्गमा प्रतिवर्ष १० प्रतिशतका दरले थप गर्दै सिलिङ्ग समावेश गर्ने ।<br>
४. पूर्वाधार तर्फको कार्यक्रम हरेक वडाले न्यूनतम् ५०/५० लाखको कम्तिमा पनि २ वटा र २५/२५ लाखका २ वटा योजना समावेश गर्न प्राथमिकता दिई योजना छनौट गर्नु पर्नेछ साथै न्यूनतम १/१ वटा योजना अनिवार्य समावेश हुनु पर्नेछ ।<br>
५. सम्भव भए सम्म पोखरी निर्माण, खुल्ला व्यायामशाला निर्माणको कार्यक्रम समावेश गर्नु पर्ने ।<br>
६. सामाजिक विकासका कार्यक्रमहरु कूल सिलिङ्गको १० प्रतिशतमा नवढ्ने गरी समावेश गर्नु पर्नेछ। जसमा ८५ प्रतिशत सीप परीक्षण हुने कार्यक्रम र १५ प्रतिशत सचेतना मूलक कार्यक्रमहरु समावेश हुनु पर्ने।<br>
७. वातावरण संरक्षण,सरसफाई एवं वृक्षारोपण कार्यक्रमहरु समावेश गर्नु पर्ने । हरेक वडामा सार्वजनिक शौचालय निर्माणको संभावित स्थल पहिचान गरी पेश गर्नु पर्नेछ ।<br>
८. हरेक वडामा सम्भव भए सम्म कृतिम पोखरी निर्माणको लागि स्थान पहिचान गरी छनौट गर्नु पर्ने ।<br>
९. नगरसभावाट विनियोजन ऐन मार्फत स्वीकृत हुने आयोजना तथा कार्यक्रमहरु अनिवार्य रुपमा आयोजना बैकमा अनिवार्य रुपमा आयोजना प्रविष्ट गरी पठाउनु पर्ने।<br>
१०.आयोजना तथा कार्यक्रम छनौट गर्दा नगरपालिकाको दीर्घकालिन सोच,आवधिक योजना,
</td></tr>
</table>

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | मध्यमकालिन खर्च संरचना लगायतका आधारहरु लिनु पर्ने । |
| ३ | आ.ब.२०८१/८२ को नीति तथा कार्यक्रम तयारीका सम्वन्धमा राय सल्लाह सुझाव संकलन कार्यक्रम संचालन सम्वन्धमा | मिति २०८१ जेठ २१ गते सोमवारका दिन टोखा नगरपालिका क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यज्यूहरु, प्रदेशसभा सदस्यज्यूहरु, टोखा नगरपालिकामा रहेका क्रियाशिल विभिन्न राजनैतिक दलका प्रतिनिधि तथा विभिन्न विधाका विज्ञहरु, गैसस, उपभोक्ता समिति,सहकारी संस्था आदिसँग योजना तथा वजेट सम्वन्धमा छलफल कार्यक्रम संचालन गरी टोखा नगरपालिकाको आगामी आ.ब.२०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्वन्धमा राय सुझाव सल्लाह संकलन गर्ने । |
| ४ | आ.ब.२०८१/८२ को नीति तथा कार्यक्रमको मस्यौदा तयार सम्वन्धमा | आ.ब.२०८१/८२ को नीति तथा कार्यक्रमको मस्यौदा नगरप्रमुखज्यूको संयोजकत्वमा तयार गरी सम्वन्धित सरोकारवाला एवं विषयविज्ञ समेतको राय परामर्शमा तयार गरी मिति २०८१ जेठ २५ गते सभाका सदस्यहरु विच छलफलका लागि पेश गर्ने । |
| ५ | वडा नं. १० को मूल र सहायक सडकहरु ओभरले (०२/NBC/TM/W/ २०८०-८१) सडकको भेरिएयसन | वडा नं. १० स्थित मूल र सहायक सडकहरु ओभरले (०२/NBC/TM/W/ २०८०-८१) को लागि टोखा नगरपालिका र विनायक निर्माण सेवा वीच सम्झौता भई कार्य भईरहेकोमा फिल्डको आवश्यकता र स्थानीयहरुको मागको आधारमा सम्झौताका बखतको BOQ को क्र.स- ५, ७, ८, ९, १०, ११, १३ मा उल्लेखित ITEM को Quantity मा थप काम गर्नु पर्ने देखिएकोले उक्त कार्यहरुको लागि Quantity V.O गर्नु पर्ने भएकोले Quantity V.O. को हकमा निर्माण व्यवसायीले पेश गरेको BOQ मा उल्लेखित दर बमोजिम गर्ने गरी Quantity V.O. भ्याट सहित रु २३८२४६.२२ (९.१९%) बढीको भेरियसन स्वीकृत गरी सम्वन्धित निर्माण व्यावसायीलाई भेरियसन आदेश जारी गर्ने । |
| ६ | टोखा प्रहरी प्रभाग देखिको तल्लोभागको झुडोल तर्फ जाने पुल आसपास विष्णुमति करिडोरमा वाल निर्माण प्रकृयाको श्रोत सुनिश्चितता एवं कार्य प्रकृया सम्वन्धमा | टोखा नगरपालिकाको मिति २०८१-१-२० को नगरकार्यपालिकाको निर्णय बमोजिम टोखा नगरपालिका वडा नं. ३, ६ र ८ अन्तर्गत टोखा प्रहरी प्रभाग देखि तल झुडोलतर्फ जाने पुल आसपासको क्षेत्रमा विष्णुमति नदी हाल वगिरहेको क्षेत्रबाट वहाव/धार परिवर्तन गरी नदीको मुख्य वहाव/धार रहेको क्षेत्र भन्दा उत्तर-पश्चिम तर्फ फिल्डको अवस्थानुसार वहाव/धार परिवर्तन गरी दायाँवायाँ प्रोटेक्सन वाल निर्माण गर्ने कार्यको लागि अनुमानित लागत अनुमान रु ४१५८७१२८.५६ लाग्ने देखिएको र अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको मिति २०८१/०२/०६, च.न. ११३० को नदीको वहाव/धार परिवर्तनको स्वीकृति प्रदान एवं प्रोटेक्सन वाल निर्माणको लागि सहमति प्राप्त भएकोले लागत अनुमान वमोजिमको रकम आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी राष्ट्रिय खुल्ला बोलपत्रको माध्यमबाट निर्माण कार्य अगाडि बढाउने । |
| ७ | व्यवसाय/ फर्म दर्ता तथा अभिलेखिकरण ( अध्यावधिक)को समय थप सम्वन्धमा । | टोखा नगरपालिकाको व्यवसाय/ फर्म दर्ता तथा अभिलेखिकरण ( अध्यावधिक) निर्देशिका, २०८० को दफा १० मा २०८१ जेठ १५ सम्म व्यवसाय/ फर्म दर्ता तथा अभिलेखिकरणको म्याद रहेकोमा सो म्यादलाई २०८१ जेठ समान्त सम्म थप गर्ने । |
| ८ | आयोजनाको रकम | टोखा नगरपालिका वडा नं. १ स्थित दलितवस्ती सुमित्रा परियारको घर देखि सन्तोष |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | भुक्तानी सम्वन्धमा | लामिछानेको घरसम्म मोटरबाटो स्तरोन्नती निर्माणको लागि तेहौ नगरसभाको सि.नं. ३३८ बाट रु १० लाख रकम विनियोजन भई नगरपालिका कार्यालयले मोटरबाटो निर्माण उपभोक्ता समितिसंग मिति २०८०-८-८ मा उल्लेखित कार्यको लागि सम्झौता गरी कायदिश जारी भएकोमा आयोजनाको कायदिश अनुसार ९८.९२ प्रतिशत कार्य सम्पन्न भएको, नगरपालिकाबाट खटाईएको अमिनबाट निर्माणस्थलमा नक्सामा ५ देखि ८ फिट सम्म बाटो देखिएकोमा फिल्डमा वालसहित १२ फिट चौडाईको बाटो देखिएको व्यहोराको प्रतिवेदन पेश भएको देखिएकोले गुठीसंस्थान, शाखा कार्यालय काठमाडौंको मिति २०८०-१२-१, च.नं. १३९१ तथा मिति २०८०-९-२४, च.नं. १०८१ को पत्रको व्यहोरानुसार साविक नक्सामा देखिएको बाटो भन्दा थप क्षेत्रफल बाटोमा विस्तार भएको जग्गाको क्षतिपूर्ति/ मुआब्जा सम्वन्धमा नगरपालिका कार्यालयले स्थानीय वासीको माग तथा आवश्यकताको आधारमा स्थानीय वासीको सहज यातायातको सुविधाको लागि साविक नक्साको क्षेत्रफल भन्दा थप क्षेत्रमा बाटो विस्तार गर्न अति आवश्यक देखिएको र गुठी संस्थाको पत्र बमोजिम हाललाई थप विस्तार भएको क्षेत्रको मुआव्जा उपलव्ध गराउन सकिने स्थिति नभएकोले विस्तार भएको क्षेत्रको मुआव्जा/ क्षतिपूर्ति सम्वन्धमा क्षतिपूर्ति सम्वन्धि विषय पछि समाधान हुने गरी हाललाई सम्झौता बमोजिम सम्पादन भएको कार्यको प्राविधिक नापी किताबको आधारमा हुन आउने मूल्याङ्कन बमोजिमको रकम रु. ११०८७७१.०८ मा नगरपालिकाको लागत सहभागिता बरावरको रकम सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी गर्न नगरपालिका प्रशासनलाई निर्देशन गर्ने । |
| ९ | टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने । | (तलको तालिका हेर्नुहोस्) |

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १. | पोसिबल कन्स्ट्रक्सन प्रा.लि. | टोखा न.पा-९ | |
| २. | योगिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा न.पा ११ | |
| ३. | एच.एण्ड के डेभ्लोपर्स एण्ड सप्लायर्स प्रा.लि. | टोखा न.पा ८ | |
| ४. | कुमारी एण्ड सन इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि. | टोखा न.पा ८ | |
| ५. | निगालो कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा ७ | |
| ६. | वाङ्गम्हेन्दो बिल्डर्स प्रा.लि | टोखा न.पा ७ | |
| ७. | हाइड्रो म्यानेजमेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि | टोखा न.पा ६ | |
| ८. | डि.जि.ईगल कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि. | टोखा न.पा ७ | |
| ९. | मनिङ्ग स्टार इन्जिनियरिङ्ग प्रा.लि. | टोखा न.पा ८ | |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १० | असाधारण विदा सम्वन्धमा | यस नगरपालिका अन्तर्गत वडा नं. २ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत सि.अ.न.मी. श्री सुशिला मानन्धरको माग निवेदन अनुसार निज आफ्नो निजी कामको शिलशिलामा अष्ट्रेलिया जान मिति २०८१/०९/१८ देखि लागू हुने गरी ६ महिनाको असाधारण विदा माग गरेकोले स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६० बमोजिम निज सि.अ.न.मी. श्री सुशिला मानन्धर ( कर्मचारी संकेत नं. ०११७३६) को मिति २०८१/०९/१८ देखि लागू हुने गरी ६ महिनाको लागि वेतलवी असाधारण विदा स्वीकृत गर्ने । |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| ११ | निर्णय संशोधन | यस नगरपालिका वडा नं .१ का महिला दिदीवहिनीहरुको सक्रियतामा गुसेश्वर सावुन उद्योग स्थापना गरी लागत सहभागितामा उद्योग संचालन गर्नको लागि माग भए बमोजिम नगरसभाबाट कार्यक्रम स्वीकृत भई रकम समेत विनियोजन भई आएकोमा मिति २०८० फागुन ३० को नगरकार्यपालिका बैठकको निर्णयानुसार नगरपालिका ८० प्रतिशत र स्थानीय उद्योगको २० प्रतिशत लागत सहभागिता हुने गरी सावुन निर्माणको मेशिन खरिद प्रकृया अगाडि बढाउने निर्णय भएकोमा उद्योगको तर्फबाट व्यहोरिने लागत सहभागिता रकम स्थानीय समूहको आय न्यून रहेको र अन्य कच्चा पदार्थहरु समेत खरिद गरी उद्योग संचालन गर्न अन्य स्रोत समेत जुटाउनको लागि समस्या हुने भएकोले उद्योगबाट व्यहोरिने लागत २० प्रतिशतबाट घटाई १० प्रतिशत गर्नका लागि माग भएकोमा उक्त उद्योगको माग तथा निजहरुको अवस्था अनुसार मिति २०८० फागुन ३० को निर्णयलाई संशोधन गरी नगरपालिको ९० प्रतिशत र स्थानीय उद्योगको १० प्रतिशत लागत हुने गरी उद्योग संचालनको लागि नगरपालिकाको साविकको लागत सहभागिता १० प्रतिशत थप गरी अन्य शर्तहरु सोहि बमोजिम हुने गरी प्रकृया अगाडि बढाउने । |
| १२ | विष्णुमति नदी करिडोर ट्याक खोल्ने एवं अनधिकृत संरचना खाली गराउने सम्वन्धमा । | १. टोखा नगरपालिकाको क्षेत्र भित्र बग्ने विष्णुमति नदी किनारको सडक ट्याक खोल्ने नगरपालिकाको कार्यलाई निरन्तरता दिदै अनाधिकृत संरचनाको लगत संकलन गरी सार्वजनिक,सरकारी, नदी उकास लगायतको जग्गा संरक्षण गर्ने कार्यलाई थप प्रभावकारी बनाउदै संरक्षित स्थानमा पोल हाल्ने,तारवार लगाउने आदि कार्यलाई निरन्तरता दिने । गोगंबुँ बसपार्कबाट नदी किनारै किनार टोखा नगरपालिकाको सिमाना बुढानीलकण्ठ नगरपालिका जोड्ने गरी नदी किनारको ट्याक खोल्ने कार्यलाई क्रमागत रुपमा अगाडि बढाउदै लैजाने ।<br>२. अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति, काठमाडौं उपत्यका विकास प्राधिकरण, नापी कार्यालय, डिल्लिवजार र टोखा एवं नगरपालिकाको प्राविधिकहरु सम्मिलित टोलिबाट भई रहेको नापजाँज तथा रेखाङ्कनको कार्यलाई निरन्तरता दिदै सो कार्यमा खटिने प्राविधिक कर्मचारीहरुलाई सम्वन्धित कार्यालयबाट भ्रमण आदेश स्वीकृत भएमा यातायात खर्च वापत प्रतिदिन नगरपालिकाको खर्च मापदण्ड अनुसार भुक्तानी दिने।<br>३. विष्णुमति नदीमा ट्याक खोल्ने क्रममा नदीमा झरेका निर्माण सामाग्री,नदी भित्र विभिन्न कारणले अनावश्यक जम्मा भई नदी बग्न वाधा परेको कारणले सृजना हुन सक्ने विपद्लाई मध्यनजर गर्दा केहि भागमा सरसफाई तथा सम्याउनु पर्ने देखिएकोले सोको लागन अनुमान तयार गर्न लगाई बर्षा सिजन शुरुहुनु अगाबै सरसफाई तथा सम्याउने कार्य अगाडि बढाउन प्रशासनलाई निर्देशन गर्ने ।<br>४. ट्याक खोलिका स्थानमा पूर्वाधार विकासका लागि अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति र काठमाडौं उपत्यका विकास प्राधिकरणलाई अनुरोध गर्ने । |
| १३ | रकमान्तर सम्वन्धमा । | नगरसभाको तेहौं अधिवेशनबाट खर्च शिर्षक नं. २२२१४ (वीमा तथा नविकरण) मा विनियोजित रकम मध्येबाट रु.१० लाख र सि.नं. २८७ (विभिन्न क्षेत्रका व्यक्ति/संस्थाहरु पुरस्कार तथा सम्मान कार्यक्रम) मा विनियोजित रकम मध्येबाट रु ८ लाख गरी जम्मा १८ लाख खर्च शिर्षक नं. २२४११ (सेवा तथा परामर्श) मा रकमान्तर गर्ने । |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १४ | विविध | १. वडा नं. ८ स्थित बानियाँटार हुदै धनेश्वर जाने क्षेत्र तथा वडा नं. ८ र ३ को सिमानामा रहेको योगमार्ग क्षेत्रमा खानेपानीको पाईपलाईन विस्तार कार्यको लागि मिति २०८१-१-१४ मा कार्यपालिका बैठकबाट अनुमोदन हुनेगरी रु १०६०६५.८८ को आयोजना सम्झौता भएकोले उक्त रकम तेह्रौं नगरसभाको सि.नं. २८४ बाट व्यहोर्ने गरी भएको सम्झौता रकम रु १०६०६५.८८ लाई अनुमोदन गर्ने ।<br>२. टोखा नगरपालिका वडा नं. २ स्थित मालुङ्ग पञ्चेटार उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।<br>३. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंगको सहकार्यमा मिति २०८१ जेठ १० देखि १२ गते सम्म नगरपालिकाको सभाहलमा भएको स्थानीय तह सञ्चालन, व्यवस्थापन तथा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रशिक्षण कार्यक्रमको प्रशिक्षक भत्ता वापतको नर्म्स अनुसारको रकम रु. ३१५००/- नगरपालिकाबाट उपलब्ध गराउने ।<br>४. वडा नं. ३ को टोखा सरस्वती स्वास्थ्य चौकी भवन निर्माण कार्यको गत आ.ब.को भुक्तानी रकम रु १०५४९२७/-तेह्रौं नगरसभाको सि.नं. २८२ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>५. टोखा नगरपालिका वडा नं. ११ को मिति २०८०-१०-२३,च.नं. १७२३ को पत्रानुसार वडाको भौगोलिक सूचना प्रणालिमा आधारित वडा प्रशासनिक नक्सा तयार भई भुक्तानीको लागि सिफारिस भई आएकोले वडा कार्यालयको सिफारिस बमोजिम सम्वन्धित खर्च शिर्षकबाट रु. ९६२०२/- ओसिस ईन्जिनियरिङ्ग सर्भिसेस प्रा.लि, बुटवललाई भुक्तानी गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>६. टोखा नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक भवनहरु नगरपालिकाले सामुदायिक भवनहरु भाडामा लगाउने प्रयोजनको लागि भवनको अवस्था, भौगोलिक अवस्थिति, सडकको मापदण्ड आदिका आधारमा सामुदायिक भवनहरुको लगत संकलन तथा भाडा दर तयगरी १५ दिन भित्र प्रतिवेदन सिफारिस गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने ।<br>संयोजक- श्री मदन गुरुङ ( वडाध्यक्ष वडा नं. ५)<br>सदस्यः- सम्वन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको सदस्य<br>सदस्यः- आर्थिक प्रशासन शाखा प्रमुख<br>सदस्यः- प्रशासन शाखा प्रमुख<br>सदस्यः- प्राविधिक शाखा प्रमुख<br>७. टोखा नगरपालिको सभाहलमा जडान गर्ने प्रयोजनका लागि 100 sq.ft. भन्दा माथिको Interactive Board खरिद गर्न तेह्रौं नगरसभाको सि.नं. २१० मा विनियोजित रकम मध्येबाट रु १० लाख भित्र खर्च गर्ने गरी खरिद प्रकृया अगाडि बढाउने ।<br>८. वडा नं. ७ स्थित लर्ड पार्टी प्यालेसको उत्तर तर्फको सडक ढलान कार्यको लागि रु ३ लाख तेह्रौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>९. वडा नं. ६ स्थित लालुपाते टोलमा सडक ह्युमपाईप तथा व्लक राख्ने कार्यको लागि थप रु |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | १ लाख ८० हजार तेहौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>१०. तेहौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट वडा नं. ८ स्थित बानियाँटार पुल नजिक बाटोको टर्निङ्गमा रहेको एच.टी./एल.टी. कम्पोजिट लाईनको पोल सडकको अर्को किनारको खोला छेउको उपयुक्त स्थानमा स्थानान्तरणको लागि लागि रु. १५१६८८/९५ को आवश्यक भनि माग निवेदन प्राप्त भएकोले प्राप्त लागत अनुमान अनुसार माथि उल्लेखित शिर्षकमा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय. महाराजगञ्जलाई अनुदान निकासा उपलब्ध गराउने ।<br>११. तेहौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट वडा नं. ७ स्थित नगरपालिका कार्यालयको अगाडिको सडकको प्रवेशद्वार निर्माणमा रहेको विद्युत पोल एवं ट्रान्फर्मर सडक किनारको उपयुक्त स्थानमा स्थानान्तरणको लागि लागि लाग्ने लागत अनुमान अनुसारको रकम (अनुमानित रु ३ लाख) माथि उल्लेखित शिर्षकमा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय. महाराजगञ्जलाई लागत अनुमान अनुसार प्राप्त लागत रकम माथि उल्लेखित शिर्षकबाट अनुदान निकासा उपलव्ध गराउने ।<br>१२. वडा नं. ३ स्थित भत्केकोपुल तिनकुने चोक देखि टोखा वाईपास जाने वाटोमा रहेका एच.टी/एल.टी लाईनको पोलहरु सडक विस्तार भई बाटोको वीचान परेकोले वाटोको किनार तर्फ उपयुक्त स्थानमा स्थानान्तरणको लागि लागि नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, महाराजगञ्ज, वितरणकेन्द्रबाट प्राप्त भएको लागत रकम रु . ६९७८५०/३५ को लागत अनुमान प्राप्त भएकोले वडा कार्यालयको सिफारिस वमोजिम उल्लेखित लागत रकम मध्ये रु ५ लाख तेहौं नगरसभाको सि.नं. ५१९ मा विनियोजित रकम मध्येबाट र वाँकी रु १९७८५०.३५ तेहौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय. महाराजगञ्जलाई लागत अनुमान अनुसार प्राप्त लागत रकम माथि उल्लेखित शिर्षकवाट अनुदान निकासा उपलव्ध गराउने ।<br>१३. तेहौं नगरसभाको सि.नं. २८४ मा विनियोजित रकम मध्येबाट वडा नं. ८ स्थित जालपाचोक देखि उत्तर तर्फमा ९० mmdai पाईपलाईन विस्तार गर्नका लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाराजगञ्जको मिति २०८१-२-९,च.नं. ४४५ को पत्रबाट रु. ९०४८०६/४९ को लागत अनुमान तयार गरी प्राप्त लागत अनुमान अनुसार माथि |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

उल्लेखित शिर्षकमा विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम रु. ९०४८०६/४९ टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।

१४. नेपाल अन्तराष्ट्रिय तेक्वान्दो संघ रोल्पाको संयोजनमा २०८१-२-२९ र ३० गते आयोजना भएको आई.टि.एफ. तेक्वान्दो प्रतियोगितामा सहभागि खेलाडिहरु यातायात खर्च र खाना खर्च वापतको रकम तह्रौं नगरसभाको सि.नं. २६६ मा विनियोजित रकम मध्येवाट अधिकतम् रु ७० हजार विनियोजन गरि जना ४ को लागि नर्म्स अनुसार भुक्तानी उपलव्ध गराउने ।

१५. वडा नं. ५ निवासी श्री पूर्ण वहादुर श्रेष्ठलाई आर्थिक सहयोग शिर्षकवाट हुने गरी रु. २५ हजार औषधि उपचार खर्च उपलव्ध गराउने ।

१६. तेह्रौं नगरसभाको सि.नं. ३२ मा आर्थिक विकास शाखा अन्तर्गत कृषि हाटबजार संचालन कार्यक्रम शिर्षकमा विनियोजित रकम मध्येलाई रकमान्तर गरी खाद्यान्न उन्नत वीउ वितरण कार्यक्रममा रु १ लाख र फलफुलका विरुवा वितरण कार्यक्रममा रु १ लाख थप गरी कार्यक्रम संशोधन एवं रकमान्तर गर्ने ।

१७. तेह्रौं नगरसभाको सि.नं. ७९९ मा तिलिङ्गटार मा.वि. ब्लक वि.मा बोरिङ्ग तथा अण्डरग्राउण्ड ट्याङ्की निर्माणको आयोजना स्वीकृत भई आएकोमा लागत अनुमान रु.६७३०२७.०३ तयार भएकोले साविकमा विनियोजित रकममा नपुग रकम रु ७३०२७.०३ तेह्रौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येवाट थप विनियोजन गरि प्रकृया अगाडि बढाउने ।

१८. वडा नं. १ निवासी कृष्णकला फुयाँल अधिकारीलाई आर्थिक सहयोग शिर्कषबाट हुने गरी रु ५० हजार औषधि उपचार खर्च उपलव्ध गराउने ।

१९. वडा नं. १० निवासी बिन्दु अधिकारीलाई आर्थिक सहयोग शिर्षकवाट हुने गरी रु. ५० हजार औषधि उपचार खर्च उपलव्ध गराउने ।

२०. २०८०-९-२६ को का.पा बैठकबाट वडा नं. १ निवासी श्री कृष्ण बहादुर तामाङ्गलाई रु ५० हजार औषधि उपचार खर्च शिर्षकबाट उपलव्ध गराउने निर्णय भएकोमा सो शिर्षक परिवर्तन गरी आर्थिक सहायता शिर्षकबाट उपलव्ध गराउने ।

२१. नगरपालिकाको विभिन्न पदाधिकारी/कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।

| क्र.स | सवारीको विवरण | भुक्तानी गर्नु पर्ने रकम | सवारी प्रयोगकर्ता/ चालक/ मर्मत भएको पार्ट |
|---|---|---|---|
| १ | वा. १. झ ९७५० ( एम्वुलेन्स) | ८५२५८.५० | जनक अधिकारी/ |
| २ | वा.प्र.०२००१ व-४७४६ | ७५००/- | सौगात श्रेष्ठ |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | |

| | | | |
|---|---|---|---|
| | (मोटरसाईकल) | | |
| ३ | बा. २ झ ३७६६ ( टाटासुमो) | ३२८२२/- | रामलाल श्रेष्ठ |
| ४ | बा. २ झ १६५१ (स्कार्पियो) | ८७७९०/- | वावुकाजी श्रेष्ठ |
| ५ | बा. २ ब ९९१६( मोटरसाईकल) | १८७००/- | वावुकाजी श्रेष्ठ |

२२. वडा नं. ३ को मिति २०८१-२-१३ , च.नं. ५९४७ को पत्रानुसार वडा नं. ३ स्थित विष्णुमति करिडोरमा बर्षाको समयमा विपद् सिर्जना हुन सक्ने संभावना रहेकोले तत्काल प्लम्प वाल निर्माण गर्न तेहौं नगरसभाको सि.नं. २६४ मा विनियोजित विपद् व्यवस्थापन शिर्षकबाट रु ५ लाख ५० हजार विनियोजित गरि तत्काल कार्य अगाडि बढाउने ।

२३.वडा नं. ८ स्थित वासुकी टोलको गणेशमन्दिर दक्षिण तर्फ सडकको दायाँबायाँ वाल निर्माण, भल नियन्त्रण एवं अन्य मर्मत संभार कार्यको लागि तेहौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट रु ४ लाख ३५ हजार विनियोजन गरी तत्काल कार्य अगाडि बढाई मर्मत संभार गर्ने ।

२४.वडा नं. ७ निवासी देव वहादुर थापाको मनकामना क्लोथिङ प्रा.लि.मा मिति २०८०-१२-३ गते विहान विघुत सर्ट भई आगलागी भएकोले निज देव वहादुर थापालाई विपद् व्यवस्थापन शिर्षकबाट रु ५० हजार सहयोग उपलब्ध गराउने ।

२५.टोखा नगरपालिका वडा नं. ११ स्थित गैह्रीगाउँ पुलसंगै सिट नं. १०२०९४५१७ कि.नं. ६,२,३ र ४ को क्षेत्रफल करिव ३-१५-३-० को नदी उकासको सार्वजनिक जग्गामा स्थानीयवासीको खानेपानीको समस्यालाई हल गर्न खानेपानी वोरिङ्ग एवं ओभरहेड पानी ट्याङ्की निर्माण तथा खुल्ला व्यायमशाला एवं पार्क निर्मार्ण गर्ने सम्वन्धी विस्तृत परियोजना प्रस्ताव तयार गर्ने ।

२६.टोखा नगरपालिका कार्यालयको प्रशासनीक भवन अगाडीको कुनापट्टीको भागमा वर्षातको पानी /भेल रोक्न वाल निर्माण गर्ने साथै उक्त कार्यको लागि लाग्ने लागत अनुमान अनुसारको रकम तेहौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट मूल्यांकन वमोजिमको रकम भुक्तानी उपलव्ध गराउने ।